"हामी सबैको रहर, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर"

विराटनगर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शैक्षिक प्रशासन महाशाखा

विराटनगर, मोरंग

प्रदेश नं.१, नेपाल

प.स. :०७६/०७८

च.नं: ८०३

मिति :२०७८।०२।१६

विषय : विद्यार्थी मूल्यांकन तथा नतिजा प्रकासन सम्बन्धमा ।

श्री सबै विद्यालयहरु
विराटनगर ।

प्रस्तुत विषयमा मिति २०७८।०२।१६ गते बसेको नगर शिक्षा समिति तथा परीक्षा व्यवस्थापन समिति (आधारभूत तह कक्षा ८) को निर्णय बमोजिम यस महानगरपालिका अन्तरगतका सबै विद्यालयहरुले आ-आफुना विद्यालयको विद्यार्थी मूल्यांकन तथा वार्षिक नतिजा प्रकासन निम्न बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

अ. मूल्यांकन समिति गठन : विद्यालयद्धारा अन्तिम मूल्यांकन विवरणको अभिलेख अनुसार विवरण प्रमाणित गर्ने देहायबमोजिमको मूल्यांकन समिति गठन गर्ने :

क) सम्वन्धित विद्यालयको प्र.अ.-अध्यक्ष
ख) सम्वन्धित तहको नियुक्तिका आधारमा सबैभन्दा जेष्ठ शिक्षक प्रतिनिधि -सदस्य
ग) प्र.अ.ले तोकेको शिक्षक -सदस्य सचिव

आ.मूल्यांकन प्रकृया :

१.पाठ्यक्रम अनुसार विद्यालयले लिएका आवधिक परीक्षा, निरन्तर विद्यार्थी मूल्यांकन तथा अन्य आन्तरिक मूल्यांकन र प्रयोगात्मक मूल्यांकन समेतलाई आधार मानेर विषयगत रुपमा तपसिलको निर्देशन अनुसार गर्ने ।

क) कक्षा १–३ को लागि सत प्रतिसत निरन्तर विद्यार्थी मूल्यांकन गरी नतिजा प्रकाशित गर्ने ।

ख) कक्षा ४ र ५ को ५० प्रतिसत निरन्तर विद्यार्थी मूल्यांकन र ५० प्रतिसत आवधिक परीक्षाका आधारमा मूल्यांकन गरी नतिजा तयार गर्ने र कक्षा ५ को हकमा IEMIS पद्दति अनुसारको एक्सेल सिट तयार गरी २ कपी प्रिन्ट गरी विद्यालयमा गठित समितिबाट प्रमाणिकरण गराई नगरपालिकाबाट अन्तिम प्रमाणीकरणका लागि मिति २०७८ साल जेठ २५ गते भित्र पेश गरी प्रमाणिकरण पश्चात मात्र नतिजा प्रकाशित गर्ने । IEMIS पद्दति अनुसारको तयार गरिएको एक्सेल रिजल्ट सिट प्रमाणित गर्ने वेलामा Softcopy समेत नगरपालिकामा बुझाउन पर्नेछ ।

ग) कक्षा ६ र ७ का विद्यार्थीको मूल्यांकन ६० प्रतिसत आवधिक परीक्षा र ४० प्रतिसत निरन्तर विद्यार्थी मूल्यांकन पद्दतिवाट मूल्यांकन गर्ने र आवधिक परीक्षावाट मूल्यांकन गर्दा विद्यालयले हालसम्म सञ्चालन गरेका परीक्षामा विद्यार्थीले प्राप्त गरेको अंकका आधारमा अंक रुपान्तरण गर्ने र मार्क लेजर तयार गरी परीक्षाफल प्रकाशित गर्ने ।

घ) कक्षा ८ को प्रयोगात्मक अंक सम्वन्धित विषय शिक्षकले गरेको मूल्यांकन र शैद्धान्तिक परीक्षालाई मूल्यांकन गर्दा ६० प्रतिसत विद्यालयले लिएको आवधिक परीक्षा र ४० प्रतिसत आन्तरिक मूल्यांकनवाट गणना गरी सबै विषय शिक्षकवाट मार्क स्लीप तयार गर्न लगाउने र त्यसरी तयार गरिएको मार्क स्लीपवाट ग्रेड लेजर र मार्क

"हामी सबैको रहर, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर"

विराटनगर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शैक्षिक प्रशासन महाशाखा

विराटनगर, मोरंग

प्रदेश नं.१, नेपाल

प.स. :

च.नं.:

सीट तयारी प्रयोजनका लागि शिक्षा तथा मानवस्रोत विकास केन्द्रको IEMIS बाट कक्षा ८ को परीक्षा Template download गरी सोही Template मा प्राप्तांक प्रविष्टि (entry) गरी Upload गर्ने । Upload गरे पश्चिात दुई प्रति मार्कलेजर प्रिन्ट गरी समितिका सबै सदस्यहरुले हस्ताक्षर गर्ने र मिति २०७८ साल जेठ २५ गते भित्र पालिकामा प्रमाणीकरणका लागि दुवै प्रति पेश गर्ने र पालिकाबाट नजिता प्रकासन भए पछि विद्यालयमा एक प्रति लगेर अभिलेख राख्ने । विद्यार्थीलाई उपलब्ध गराउने ग्रेडसिट नतिजा प्रकासन भए पछि सम्वन्धित विद्यालयलाई पालिकाबाट उपलब्ध गराइनेछ ।

ङ) कक्षा ९ को शैद्धान्तिक परीक्षालाई मूल्यांकन गर्दा ६० प्रतिसत विद्यालयले लिएको आवधिक परीक्षा र ४० प्रतिसत आन्तरिक मूल्यांकनवाट र प्रयोगात्मक अंक सम्वन्धित विषय शिक्षकले गरेको मूल्यांकनबाट गणना गर्ने ।

२.उल्लेखित १ बमोजिम अन्तिम मूल्यांकनको विषयगत अंकमा पूर्व परिक्षा (त्रैमाशिक र अर्धबार्षिक परीक्षा) को अंक जोडेर सबै विषय शिक्षकवाट मार्क स्लीप तयार गर्न लगाउने र त्यसरी तयार गरिएको मार्क स्लीपवाट ग्रेड लेजर तयार गरी र मार्क सीट तयारी गर्ने र नतिजा प्रकासन पछि विद्यार्थीलाई उपलब्ध गराउने ।

३. पालिकामा प्रमाणीकरणका लागि पेश गर्ने मुल्यांकन समितिले तयार गरेको मार्कलेजर विवरणमा सच्याउन, केरमेट गर्न र टिपेक्सको प्रयोग गर्न पाइने छैन ।

४.कक्षा ८ को परीक्षा नतिजा महानगरपालिकाबाट प्रकासन नभए सम्म विद्यालयले सार्वजनिक गर्न पाइने छैन ।

५. कक्षा ८ को परीक्षाको लागि संस्थागत विद्यालयले प्रति विद्यार्थी रु. १००।- का दरले नगर शिक्षा कोषको खातामा जम्मा गर्नु पर्नेछ ।

६.मूल्यांकन समितिले पठाएको विवरण झुठा ठहरेमा वा गलत विवरण पेश गरेको पाइएमा सो को कानूनबमोजिम जबाफदेहि मूल्यांकन समिति नै हुनेछ ।

७.नगर स्तरमा हुने भनिएका कक्षाका परीक्षा बाहेक अन्य कक्षाहरुको हकमा माथि उल्लेखित आधारमा विद्यार्थीको मूल्यांकन कार्य सम्पन्न गरी मार्कलेजर तथा ग्रेडसिट समेत प्रमाणीत गर्ने र २०७८ जेठ मसान्त अगावै नतिजा प्रकासन गर्ने दायित्व सम्वन्धित विद्यालयमा गठित मूल्यांकन समितिको हुनेछ ।

८. विद्यालयले नतिजा प्रकासन गर्दा विद्यालयमा अभिभावक तथा विद्यार्थीको भौतिक उपस्थिति नहुने गरी वेभसाइट, मेसेन्जर तथा टेलिफोन लगायतका माध्यमबाट सूचना प्रवाह गर्नु पर्नेछ ।

०६८।०२।१६

दुर्गाप्रसाद खतिवडा

उपसचिव / दशौं

प्रमुख शिक्षा अधिकृत

उप-सचिव दशौं तह